# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १५० | काठमाडौं | आइतबार, ०४ असोज २०८३ | Prabhab National Daily | Sunday, 20 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


# विवादकाबीच १५औं महाधिवेशनमा होमियो कांग्रेस

## शनिबार ४३ जिल्लाका तीन हजार ३९६ वडामा सकियो अधिवेशन, बाँकी वडामा आज



नेपाली कांग्रेस काभ्रेको महाभारत गाउँपालिका–४ को वडा अधिवेशनबाट शनिबार निर्वाचित कार्यसमिति ।
*तस्बिर: सामाजिक सञ्जालबाट*

- आधिकारिकता विवादकै बीच कांग्रेस १५औं महाधिवेशनमा प्रवेश
- शशांक नेतृत्वको संस्थापनइतर पक्षद्वारा महाधिवेशन प्रक्रिया अस्वीकार
- महाधिवेशनसँगै कांग्रेसको नेतृत्व र वैधानिकताको विवाद थप पेचिलो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेस आधिकारिकता विवाद निरूपण नहुँदै १५औं महाधिवेशनको प्रक्रियामा प्रवेश गरेको छ । सभापति गगन थापा नेतृत्वको संस्थापनपक्षले महाधिवेशन प्रक्रिया अघि बढाएको हो ।

डा. शशांक कोइरालाले नेतृत्व गरेको संस्थापनइतर पक्षले भने त्यसलाई अस्वीकार गर्दै समानान्तर कार्यतालिका सार्वजनिक गरेको छ । यही विवादकाबीच शनिबारदेखि वडा अधिवेशन सुरु भएको हो ।



> तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य साथीहरु वर्तमान केन्द्रीय कार्यसमितिको पनि सदस्य सुनिश्चित भइसकेकाले १५औं महाधिवेशनको यो प्रक्रियामा केन्द्रीय सदस्यका रूपमा नै सहभागी हुने हुँदा कुनै पनि अलमल एवं द्विविधामा नपरी अधिवेशनमा सहभागी हुन विशेष आग्रह गर्छु ।
>
> ■ **गगनकुमार थापा**
> **सभापति**

कांग्रेसको १५औं महाधिवेशनका लागि संस्थापनपक्षले असोज ३ गतेदेखि वडा अधिवेशन सुरु गर्ने कार्यतालिका बनाएको थियो । सोहीअनुसार शनिबार ४३ जिल्लाका तीन हजार ३९६ वडामा अधिवेशन सम्पन्न भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । भोटेकोशी र त्रिशूली बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङबाहेक अन्य जिल्लामा आइतबार पनि वडा अधिवेशन जारी रहने प्रवक्ता देवराज चालिसेले बताए ।

तर, कांग्रेसभित्र महाधिवेशनको वैधानिकता र नेतृत्वको आधिकारिकतामाथिको राजनीतिक विवाद भने अझै सतहमै छ । कोइरालापक्षले विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वलाई अस्वीकार गर्दै थापा नेतृत्वको संस्थापनपक्षले बोलाएको महाधिवेशनमा सहभागी नहुन आह्वान गरेको छ । कोइरालापक्षले २१ देखि २३ मंसिरसम्म छुट्टै महाधिवेशन गर्ने कार्यतालिका अघि सारेको छ । यो समूहले विशेष महाधिवेशनलाई नै अवैधानिक दाबी गर्दै आएको छ । त्यसैको आधारमा उसले असोज ३ गतेबाट सुरु भएको महाधिवेशन प्रक्रिया स्वीकार नगर्ने बताएको हो । यता सभापति गगन नेतृत्वको कांग्रेसले भने...

क्रमशः पृष्ठ २ मा

# झवालीको प्रतिवेदनमा ओलीको 'बखान'

> वास्तवमा पार्टी अध्यक्षको नेतृत्वमा नेपालको राजनीतिमा हावी हुन खोजिरहेका हिंसा एवं जातिवाद र क्षेत्रीयवादमा आधारित विघटनकारी एजेण्डाहरूको प्रतिवाद गर्ने कुरामा महत्त्वपूर्ण सफलता हासिल भएको हो ।
>
> ■ **प्रदीप झवालीको प्रतिवेदन**

■ **जेबी योञ्जन**



- ओलीलाई युगान्तकारी नेताको रूपमा चित्रण
- दोस्रो संविधानसभा निर्वाचनलाई ओली नेतृत्वसँग जोडिएको
- २९ पृष्ठको प्रतिवेदनमा ओलीको गुणगान
- निर्वाचन पराजयलाई प्रतिवेदनमा गौण मानिएको
- रामबहादुर थापा, शंकर पोखरेल र प्रदीप झवालीको प्रतिवेदनले विवाद थप चर्काउने
- कार्यदल र सचिवालय बैठक आज बस्दै

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई 'देवत्वकरण' गर्ने अर्को प्रतिवेदन तयार भएको छ । यस्तो प्रतिवेदन तयार पार्ने नेता प्रदीप झवाली हुन् । निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलमा यसअघि दुईवटा प्रतिवेदनलाई लिएर विवाद भइरहेका बेला ओलीको चर्को प्रशंसा गरिएको तेस्रो प्रतिवेदन झवालीले तयार गरेपछि एमालेभित्रको विवाद थप चर्किएको हो ।

२१ फागुन २०८२ को निर्वाचनमा एमालेले व्यहोरेको कमजोर परिणामको समीक्षा र पार्टी पुनर्गठनका लागि गठन भएको कार्यदलमा यसअघि महासचिव शंकर पोखरेल र कार्यदल संयोजक रामबहादुर थापाका फरक-फरक प्रतिवेदन आएका थिए । दुवै प्रतिवेदनलाई समेटेर साझा दस्तावेज बनाउने प्रयास भइरहेका बेला ओलीको नेतृत्वको बचाउ र प्रशंसालाई केन्द्रमा राखेर तेस्रो प्रतिवेदन तयार गरिएको हो ।

२९ पृष्ठको प्रतिवेदनमा ओलीलाई नेता झवालीले नेपालको कम्युनिस्ट आन्दोलन र राजनीतिक परिवर्तनका प्रमुख उपलब्धिसँग जोडेर प्रस्तुत गरेका छन् । प्रतिवेदनमा ओलीको नेतृत्वमा संविधान निर्माणदेखि विकास निर्माण, उत्तरी नाका सञ्चालन, कोभिड महामारीको सामना र खानी उत्खननसम्मका विषयलाई उपलब्धिका रूपमा उल्लेख गरिएको छ ।

प्रतिवेदनमा ओलीको नेतृत्वको प्रशंसा गर्दै भनिएको छ, 'वास्तवमा पार्टी अध्यक्षको नेतृत्वमा नेपालको राजनीतिमा हावी हुन खोजिरहेका हिंसा एवं जातिवाद र क्षेत्रीयवादमा आधारित विघटनकारी एजेण्डाहरूको प्रतिवाद गर्ने कुरामा महत्त्वपूर्ण सफलता हासिल भएको हो ।' त्यसैगरी प्रतिवेदनमा भनिएको छ, 'उहाँकै नेतृत्वमा एकपटक असफल भएको संविधानसभाको दोस्रो निर्वाचन गरेर संविधान निर्माण गर्ने कुरामा सफलता हासिल भएको हो ।'

तर, यही दाबीलाई लिएर प्रतिवेदनमाथि प्रश्न उठेको छ । दोस्रो संविधानसभाको निर्वाचन ४ मंसिर २०७० मा भएको थियो । त्यतिबेला एमालेको अध्यक्ष झलनाथ खनाल थिए । ओली एमाले अध्यक्ष बनेको भने २०७१ सालको नवौं महाधिवेशनपछि हो । त्यसैले ओलीको नेतृत्वमा दोस्रो संविधानसभा निर्वाचन भएको र त्यसबाट संविधान निर्माणको सफलता हासिल भएको भन्ने प्रस्तुतिले घटनाक्रमलाई गलत सन्दर्भमा जोडेको देखिन्छ ।

प्रतिवेदनको ठूलो हिस्सा ओलीको नेतृत्वको बचाउमा केन्द्रित रहेको कार्यदलका सदस्यहरूले बताएका छन् । प्रतिवेदनमा करिब २७ पृष्ठसम्म ओलीको नेतृत्व, एमालेमाथि भएका आक्रमण, जेन-जी आन्दोलन, अल्गोरिदम र विदेशी चलखेललगायतका विषय समेटिएको छ । तर निर्वाचन समीक्षा र पार्टी पुनर्गठनका लागि ठोस समीक्षा तथा सुझावका लागि करिब दुई पृष्ठमात्र छुटचाइएको दाबी गरिएको छ ।

प्रतिवेदनमा ओलीको नेतृत्वमा संविधान जारी भएको, उत्तरी नाका खोलेर नेपाललाई 'भूजडित राष्ट्र' बनाइएको, विकास निर्माणका काम अघि बढाइएको र कोभिड महामारीको सामना गरिएको उल्लेख छ । दैलेखको खानी, मुस्ताङको युरेनियम तथा धौवादीको फलाम खानी उत्खननका लागि वातावरणसमेत ओलीको नेतृत्वमा बनेको दाबी गरिएको छ ।

तर २१ फागुनको निर्वाचनमा एमालेले व्यहोरेको कमजोर परिणामको जिम्मेवारीका विषयमा प्रतिवेदन मौनजस्तै छ । निर्वाचन समीक्षा कार्यदलको प्रमुख जिम्मेवारी हुँदाहुँदै त्यसलाई एक ठाउँमामात्र सामान्यरूपमा उल्लेख गरिएको छ । प्रतिवेदनमा भनिएको छ, 'पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेपालको कम्युनिस्ट आन्दोलनले हासिल गरेको सफलता र उत्कर्ष तथा निर्वाचनमा भएको इतिहासकै कमजोर पराजयसम्मका समग्र पक्षको वस्तुनिष्ठ समीक्षा गर्नुपर्दछ ।'

कार्यदलका सदस्यहरूले भने यही विषयलाई प्रतिवेदनको मुख्य कमजोरी मानेका छन् । उनीहरूका अनुसार निर्वाचनमा भएको पराजय र त्यसपछि पार्टी पुनर्गठनका लागि देशभरबाट संकलन गरिएका सुझावलाई समेटेर प्रतिवेदन तयार हुनुपर्नेमा अध्यक्षको प्रशंसा केन्द्रमा राखिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# भोटेकोशी बाढीप्रभावितका लागि एनआरएनएले संकलन गर्‍यो चार करोड ३८ लाखभन्दा बढी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवाको भोटेकोशी बाढीबाट प्रभावितका लागि गैरआवासीय नेपाल संघ (एनआरएनए) ले चार करोड ३८ लाख रूपैयाँभन्दा बढी सहयोग संकलन गरेको छ ।

संघको काठमाडौंस्थित सचिवालयले दिएको जानकारीअनुसार संघका पदाधिकारी, विभिन्न राष्ट्रिय समन्वय परिषद् (एनसिसी) तथा विदेशमा रहेका विभिन्न संघ संस्था र नेपालीहरू व्यक्तिगत तर्फबाट चार करोड ३८ लाख ६९ हजार रूपैयाँ कोष्मा जम्मा भएको छ । कोषमा रकम जम्मा हुने क्रम जारी रहेको संघले जनाएको छ ।

सचिवालयका अनुसार हालसम्म युकेबाट सबैभन्दा बढी ५३ लाख ४३ हजार २४४ रूपैयाँ सहयोग संकलन भएको छ । यो युकेबाट पहिलो चरणमा संकलन भएको रकम भएको संघले उल्लेख गरेको छ ।

यसैगरी बहराइनबाट २५ लाख ७९ हजार ३१८ रूपैयाँ, नर्वेबाट १७ लाख ८९ हजार, ओमानबाट १३ लाख १५ हजार र स्टिचिङ नेपाल फन्ड्स नेदरल्याण्डबाट १० लाख ५५ हजार रूपैयाँ संकलन भएको जनाइएको छ ।

लग्जम्बेर्गबाट १० लाख ४६ हजार रूपैयाँ, साउदी अरेबियाबाट १० लाख, टर्कीबाट सात लाख ५० हजार, म्यानमारबाट छ लाख एक हजार, इजरायलबाट पाँच लाख चार हजार र नेदरल्याण्डबाट पाँच लाख रूपैयाँ कोषमा जम्मा भएको संघले जानकारी दिएको छ ।

संघले रसुवा र नुवाकोटमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सञ्चालन गरिरहेको राहत तथा मानवीय सहयोग अभियान निरन्तर जारी राखेको पनि जानकारी दिएको छ ।

**कुन देशबाट कति जुट्यो सहयोग ?**

| | |
|---|---|
| युके | ५३ लाख ४३ हजार |
| बहराइन | २५ लाख ७९ हजार |
| नर्वे | १७ लाख ८९ हजार |
| ओमान | १३ लाख १५ हजार |
| स्टिचिङ नेपाल फण्ड्स नेदरल्याण्ड | १० लाख ५५ हजार |
| लग्जम्बेग | १० लाख ४६ हजार |
| साउदी अरेबिया | १० लाख |
| टर्की | ७ लाख ५० हजार |
| म्यानमार | ६ लाख १ हजार |
| इजरायल | ५ लाख ४ हजार |
| नेदरल्याण्ड | ५ लाख |

# रोजगारीमा गएका श्रमिकको विवरण २० दिनभित्र बुझाउन विभागको निर्देशन

**काठमाडौं (प्रस)–** इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)ले २० दिनभित्र रोजगारीमा गएका श्रमिकको विवरण बुझाउनुपर्ने भएको छ । बिहीबारार एक सूचना जारी गर्दै विभागले रोजगारीमा गएका श्रमिकको अवस्थासम्बन्धी विवरण यही असोज २१ गतेभित्र अनिवार्यरूपमा बुझाउन निर्देशन दिएको हो ।

सूचनाका अनुसार म्यानपावर कम्पनीले रोजगारीमा गएका श्रमिक सुरक्षितरूपमा सम्बन्धित गन्तव्य मुलुकमा पुगे, नपुगेको विवरण अनिवार्यरूपमा १५ दिनभित्र लिनुपर्छ । श्रमिकले सम्झौताअनुसारको काम, तलब र अन्य सेवा सुविधा प्राप्त गरे नगरेको विवरण प्रत्यक्ष सम्पर्क गरी तयार पारिनुपर्ने पनि भनिएको छ । संकलित विवरण २० दिनभित्र विभागको संस्था अनुगमन शाखामा इमेलमार्फत बुझाउन भनेको छ ।

विभागले गत असार ३ गते नै सम्पूर्ण म्यानपावर संस्थालाई पत्राचार गर्दै तीन महिनाभित्र तोकिएको ढाँचामा श्रमिकको विवरण उपलब्ध गराउन माग गरेको थियो । निर्देशन पालना नगर्ने व्यवसायीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारबाही गरिने जनाइएको छ ।


**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

* विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
* आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
* सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
* बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
* नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
* विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
* अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

**विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

पृष्ठ १ बाट क्रमशः

## झवालीको...

एक कार्यदल सदस्यले भने, 'आरोपपत्रकै रूपमा भए पनि बरु बादलजीको प्रतिवेदन पूर्ण थियो । न त निर्वाचन समीक्षा न त पार्टीको पुनर्गठन, केही पनि विषयलाई पूर्णरूपमा यस प्रतिवेदनले बोल्दैन, यस्तो अमूर्त प्रतिवेदनले एमालेमा झन निराशा बढाउँछ ।'

एमालेले निर्वाचनपछि एक महिनाभन्दा बढी समय लगाएर देशभर १३ स्थानमा पार्टी पुनर्गठन र निर्वाचन समीक्षाका लागि छलफल गरेको थियो । तल्लो तहका नेता तथा कार्यकर्ताबाट सुझाव संकलन गरिएको थियो । ती सुझावलाई आधार बनाएर महासचिव शंकर पोखरेलले यसअघि विस्तृत प्रतिवेदन तयार गरेका थिए । पोखरेलको प्रतिवेदन ५६ पृष्ठको रहेको र त्यसमा प्रदेश तथा तल्लो तहमा भएका छलफललाई समेत समेटिएको कार्यदलका सदस्यहरूले बताएका छन् ।

तर अहिले तयार गरिएको तेस्रो प्रतिवेदनमा ती सुझावलाई व्यवस्थितरूपमा समेटिएको छैन भन्ने आरोप कार्यदलका सदस्यहरूको छ । प्रतिवेदनमा पार्टीको पुनर्गठन, जनतासँगको सम्बन्ध, संगठनात्मक संरचना, जनसंगठन, सरकार तथा जनप्रतिनिधिको भूमिका, वैचारिक तथा नीतिगत काम, अनुशासन र पार्टी नेताहरूको आचरणलगायतका विषयमा ३९ वटा निष्कर्ष निकालिएको उल्लेख छ । तर ती निष्कर्ष प्रतिवेदनको मुख्य भागमा विस्तृतरूपमा प्रस्तुत गरिएको छैन ।

बरु अन्तिम पृष्ठमा 'नोट'का रूपमा सुझावहरू समेटिएको छ । त्यसमा प्राप्त सयौं सुझावमध्ये मुख्य बुँदा प्रतिवेदनमा समेटिएको, बाँकी सुझाव पार्टीमा सुरक्षित रहेको र केही सुझाव थप छलफल तथा केही व्यवहारमा कार्यान्वयन हुने उल्लेख गरिएको छ ।

एमालेभित्र निर्वाचन परिणामपछि नेतृत्व परिवर्तन र पार्टी पुनर्गठनको बहस चर्किएको छ । कार्यदलमासमेत ओलीको विकल्प खोज्ने र नेतृत्व निरन्तरता दिने पक्षबीच मतभेद देखिएको छ । महासचिव पोखरेलको प्रतिवेदनमा ओलीले नेतृत्वबाट बिदा लिनुपर्ने निष्कर्ष आएको र त्यसको काउन्टरमा बादलले अलग्गै प्रतिवेदन ल्याएको यसअघि नै सार्वजनिक भइसकेको छ ।

दुई प्रतिवेदनबीच सहमति नजुटेपछि तिनलाई मिलाएर साझा प्रतिवेदन बनाउने प्रयास भएको थियो । यही विवादकाबीच आएको तेस्रो प्रतिवेदनले एमालेभित्रको शक्ति संघर्षलाई थप सतहमा ल्याएको छ । कार्यकर्ताले निर्वाचनको हारको जिम्मेवारी, नेतृत्वको समीक्षा र पार्टी पुनर्गठन खोजिरहेका बेला अध्यक्ष ओलीको राजनीतिक उपलब्धिको लामो व्याख्या गरिएको दस्तावेज आएको भन्दै कार्यदलका सदस्यहरू असन्तुष्ट बनेका हुन् ।

अब यो प्रतिवेदन कार्यदलबाट पारित हुन्छ कि हुँदैन भन्ने विषय एमालेभित्रको अर्को पेचिलो प्रश्न बनेको छ । कार्यदलको प्रतिवेदन सचिवालय हुँदै केन्द्रीय कमिटीमा लैजाने तयारी रहे पनि यसअघि दुई प्रतिवेदनमै सहमति जुट्न नसकेको अवस्थामा नयाँ दस्तावेजले विवाद झन् बढाउने संकेत देखिएको छ । कार्यदल र सचिवालय बैठक आजै बस्दै छ ।

■■■

## विवादकाबीच १५औं...

विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोगले आधिकारिकता दिएको र सर्वोच्च अदालतबाटसमेत त्यसविरुद्धको रिट खारेज भइसकेकाले महाधिवेशन प्रक्रिया रोक्नुपर्ने कुनै आधार नरहेको बताउँदै आएको छ । सर्वोच्चले गत वैशाखमा देउवा र पूर्णबहादुर खड्कासहितले दायर गरेको आधिकारिकतासम्बन्धी रिट खारेज गरेको थियो ।

थापा नेतृत्वले विशेष महाधिवेशनअघि कायम रहेको केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई समेत वर्तमान केन्द्रीय समितिमा समेट्ने निर्णय गरेको छ । त्यसपछि देउवापक्षका कतिपय नेताहरूलाई समेत महाधिवेशन प्रक्रियामा सहभागी हुन आग्रह गरिएको छ ।

सभापति थापाले महाधिवेशन प्रक्रियामा कुनै अलमल नराखी सहभागी हुन आग्रह गरेका छन् । उनले शनिबार भिडियो सन्देश जारी गर्दै भने, 'तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य साथीहरू वर्तमान केन्द्रीय कार्यसमितिको पनि सदस्य सुनिश्चित भइसकेकाले १५औं महाधिवेशनको यो प्रक्रियामा केन्द्रीय सदस्यका रूपमा नै सहभागी हुने हुँदा कुनै पनि अलमल एवं द्विविधामा नपरी अधिवेशनमा सहभागी हुन विशेष आग्रह गर्छु ।'

तर कोइराला समूहले भने विवाद टुंगो नलागी महाधिवेशन प्रक्रिया अघि बढाउनु उचित नभएको बताएको छ । कोइराला समूहले पार्टीभित्र सहमति र एकताको आधारमा महाधिवेशन गर्नुपर्नेमा जोड दिएको छ । कोइरालाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पार्टीको मूल मर्म, लोकतान्त्रिक मूल्यमान्यता र राष्ट्रिय दायित्वलाई केन्द्रमा राखेर हामीले सुरुदेखि नै सहमति, सहकार्य र एकताको आधारमा १५औं महाधिवेशन सम्पन्न गर्न निरन्तर प्रयास गरेका थियौं ।'

उनले पार्टी विभाजनतर्फ जाने अवस्था रोक्न संवाद र सहमतिको बाटो रोज्न आग्रह गरेका छन् । विशेष महाधिवेशनबाट थप विवाद सिर्जना भएको र आधिकारिकताको विषय सर्वोच्चमा विचाराधीन रहेकै अवस्थामा एकपक्षीयरूपमा महाधिवेशन प्रक्रिया अघि बढाइएको उनको समूहको दाबी छ । यद्यपि, पछिल्लो समय पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कानिकट समूह भने महाधिवेशन प्रक्रियामा सहभागी हुने निर्णयमा पुगेको छ । विशेष महाधिवेशनबाट बाहिर रहेका तत्कालीन पदाधिकारी तथा सदस्यको समायोजन र क्रियाशील सदस्यतासहितका माग सम्बोधन गर्ने सहमति भएपछि खड्कापक्षका नेताहरू महाधिवेशनमा सहभागी हुने भएका हुन् ।

यसले कांग्रेसभित्रको विवादलाई एउटै रेखामा विभाजित नरहेको पनि देखाएको छ । कोइरालापक्षले समानान्तर महाधिवेशनको तयारी गरिरहँदा खड्का समूहका केही नेता मूल प्रक्रियामा सहभागी हुने अवस्थामा पुगेका छन् । यसैबीच वडा अधिवेशनले कांग्रेसको तल्लो तहदेखि नयाँ नेतृत्व र क्षेत्रीय प्रतिनिधि चयन गर्ने प्रक्रिया अघि बढाएको छ । वडा अधिवेशनपछि गाउँ-नगर अधिवेशन, प्रदेशसभा तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन हुँदै केन्द्रीय महाधिवेशनमा प्रतिनिधि पुग्ने छन् ।

निर्वाचन समितिका अनुसार शनिबार सम्पन्न वडा अधिवेशनबाट वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन भएका छन् । अब यही प्रक्रियाले कांग्रेसको आगामी नेतृत्व संरचना निर्माण गर्ने छ । कांग्रेसको संस्थापनपक्षले असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका अघि सारेको छ । उता कोइराला पक्षले २१ देखि २३ मंसिरसम्म छुट्टै महाधिवेशनको मिति तोकेको छ । दुवै पक्ष आ-आफ्नो तयारीमा अघि बढ्दा कांग्रेसको १५औं महाधिवेशन पार्टीभित्रको संगठनात्मक अभ्यासमात्र नभई लामो समयदेखि चलिरहेको नेतृत्व विवादको निर्णायक चरणसमेत बनेको छ ।


### हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/१८ मा दर्ता कायम भएको **सङ्गालो ईन्टरप्राइजेज प्रा.लि. (प्रा.लि.नं. २५४३६०/२०७७/०७८)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाणसहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ, लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं. ४०४, फोन नं.९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७९/१०/१७ मा दर्ता भएको **प्रा. लि. नं. ३०६१७१** को **के.ए.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### दफा १३६ (१) दर्ता खारेजी-२ सम्बन्धी हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७८/०२/१७ मा दर्ता भएको **बरदेवी कन्स्ट्रक्सन सप्लार्यस प्राइभेट लिमिटेड (प्रा.लि. नं. २६३५९८)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०६/०४**

यस कम्पनीको मिति २०८३/०५/२१ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **कालिकोट कन्स्ट्रक्सन कम्पनी एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२९ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **कालिकोट कन्स्ट्रक्सन एण्ड भीमसेन सेवा** (प्रा.लि.नं. २६८३९२) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।


# कुशको शव बनाएर पत्रकार थामीको अन्त्येष्टि



**काठमाडौं (प्रस)**– भोटेकोशी बाढीपछि बेपत्ता पत्रकार टेकराज थामीको कुशको शव बनाएर शनिबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । नयाँ पत्रिका दैनिकका पत्रकार थामी गत भदौ १० गतेदेखि सम्पर्कविहीन भएका थिए । दोलखाको कालिञ्चोक गाउँपालिका-२, बाबरेमा २०४२ साल जेठ १४ गते जन्मिएका थामीको प्रतीकात्मक शवमा उनका पिता डीलबहादुर थामीले दागबत्ती दिए ।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय थामीले कलमका माध्यमबाट गरेको योगदानको स्मरण गरिएको छ । पत्रकारितामा स्नातकोत्तर ४१ वर्षीय थामीले एचबिसी एफएम, सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिकामा लामो समय काम गरेका थिए । उनले बागीश्वरी क्याम्पस र समृद्धि क्याम्पसमा पत्रकारिताको अध्यापन गर्नुका साथै पत्रकारिता प्रशिक्षण तथा लेखनमासमेत आफूलाई सक्रिय राखेका थिए ।

गोरखापत्र दैनिकको थामी भाषा पृष्ठका संयोजकसमेत रहेका थामी नेपाल पत्रकार महासंघ र प्रेस चौतारी नेपालका पूर्वकेन्द्रीय समस्यका साथै नेपाल थामी समाजका पूर्वउपाध्यक्ष र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का पूर्वकोषाध्यक्ष हुन् । चीनको स्वशासित क्षेत्र सिचाङको केरुङमा भदौ १० गतेका निम्ति निर्धारित 'साउथ एसिया रिसर्च सेन्टर इन साउथवेस्ट चाइना' कार्यक्रममा सहभागी हुन पत्रकार थामी भदौ ९ गते साँझ आफ्नै मोटरसाइकलबाट रसुवाको धुञ्चे हुँदै रसुवागढी पुगेका थिए ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/३० गते बेलुकी ९:०० देखि ९:४५ बजेको समयमा काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. २, जरङ्खु पुलभन्दा माथि (भ्याली फर्म) पार्किङ गरेर राखेको मोटरसाइकल बागमती प्रदेश ०२-०५३ प ०७७४ बजाज पल्सर २२० सी.सी. कालो रातो रङको मोटर साइकल हराएको (चोरी) हुँदा देख्नुहुने वा भेट्नुहुने महानुभावहरूले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु अनुरोध छ ।

**सवारी धनीको नाम :** दिवश घर्ती (Dibash Gharti)
**बाइक नं.:** बा.प.०२-०५३ प ०७७४
**च्यासिस नं.:** MD2A13EX8RCB81463
**इन्जिन नं. :** DKXCRB 22223
**प्रकार :** Bajaj Pulsar 220 CC FI ABS
**ठेगाना :** टोखा न.पा.-८, काठमाडौं
**सम्पर्क नं.** 9867685882, 9806163602


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ०४ असोज, २०८३

| | |
|---|---|
| मेष | मेहनतअनुसार काममा सफलता मिल्नेछ । आर्थिक पक्षमा सुधार आउनेछ । |
| वृष | नयाँ अवसर प्राप्त हुनेछ । परिवारको साथ र सहयोग मिल्नेछ । |
| मिथुन | काममा उत्साह बढ्नेछ । साथीभाइसँगको सम्बन्ध सुमधुर बन्नेछ । |
| कर्कट | अधुरा काम पूरा हुनेछन् । व्यापार तथा व्यवसायमा लाभ मिल्नेछ । |
| सिंह | आत्मविश्वास बढ्नेछ । नयाँ योजना बनाउन दिन राम्रो छ । |
| कन्या | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा नियन्त्रण गर्नुहोला । |
| तुला | सामाजिक कार्यमा सफलता मिल्नेछ । प्रेम तथा पारिवारिक सम्बन्ध राम्रो रहनेछ । |
| वृश्चिक | काममा नयाँ जिम्मेवारी आउन सक्छ । आर्थिक लाभको सम्भावना छ । |
| धनु | यात्रा तथा नयाँ कामका लागि दिन शुभ छ । अवसरको सदुपयोग गर्नुहोस् । |
| मकर | रोकिएका काम अघि बढ्नेछन् । आम्दानीका नयाँ स्रोत भेटिन सक्छन् । |
| कुम्भ | सिर्जनात्मक काममा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| मीन | परिश्रमले लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ । परिवारमा खुसीको वातावरण बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ असोज, २०८३ (२० सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.१० | १५३.७० |
| युरो | १ | १७५.८३ | १७६.५२ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.६९ | २०५.५० |
| स्विस फ्रैन्क | १ | १८५.६५ | १८६.३८ |
| अस्ट्रेलियन डलर | १ | १०९.०८ | १०९.५१ |
| क्यानाडियन डलर | १ | १०९.३७ | १०९.८० |
| सिङ्गापुर डलर | १ | ११९.८५ | १२०.३२ |
| जापानी येन | १० | ९.७० | ९.७३ |
| चिनियाँ युआन | १ | २२.८६ | २२.९५ |
| साउदी अरब रियाल | १ | ४०.७६ | ४०.९२ |
| कतारी रियाल | १ | ४१.९९ | ४२.१६ |
| थाई भाट | १ | ४.५९ | ४.६१ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६९ | ४१.८५ |
| मलेसियन रिङ्गेट | १ | ३७.५२ | ३७.६७ |
| दक्षिण कोरियन वन | १०० | ११.०४ | ११.०९ |
| स्विडिस क्रोनर | १ | १५.५९ | १५.६५ |
| डेनिस क्रोनर | १ | २३.५२ | २३.६१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५९ |
| कुवेती दिनार | १ | ४९८.१३ | ५००.०८ |
| बहराइन दिनार | १ | ४०६.११ | ४०७.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा संविधान दिवस



















१) राष्ट्रपति रामचन्द्र पौडेल 'संविधान दिवस, २०८३' का अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा शनिबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै ।

२) संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा शनिबार काठमाडौंको टुँडिखेलमा आयोजित समारोहमा सहभागी राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाललगायतका विशिष्ट अतिथिहरु ।

३) टुँडिखेलमा आयोजित समारोहमा मार्चपास गर्दै सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी ।

४) संविधान दिवसका अवसरमा शनिबार हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा झण्डोत्तोलन गर्दै बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा ।

५) संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा शनिबार कैलालीको धनगढीमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टलगायत ।

६) संविधान दिवसका अवसरमा शनिबार कैलालीको घोडाघोडी नगरपालिकाले आयोजना गरेको दीप प्रज्वलन कार्यक्रम ।

*तस्बिरहरू: रासस*

# संविधानले स्थापित गर्न चाहेका संकल्पहरू पूरा गर्नुपर्नेमा राष्ट्रपतिको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले संविधानले स्थापित गर्न चाहेका संकल्पहरू पूरा गर्नुपर्नेमा जोड दिएका छन् । संविधान दिवस, २०८३ का अवसरमा राष्ट्रपति कार्यालयमा शनिबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले उक्त कुरामा जोड दिएका हुन् ।

असहमतिहरूलाई सम्मानसहित आलोचनाबाट सिक्दै राज्यलाई जनताप्रति सकिए संविधानले स्थापित गर्न चाहेका संकल्पहरू पूरा हुने उनको भनाइ छ । राष्ट्रपति पौडेलले अनेकौं संघर्ष र बलिदानबाट प्राप्त संविधानबमोजिम नेपालीले न्याय, सम्मान र सुरक्षित भविष्यका लागि आफ्नो राज्यसँग याचना गर्नुपर्ने अवस्था आउन नहुनेमा जोड दिए ।

'राजनीतिक परिवर्तनलाई नागरिकको जीवनमा जोड्न हामीलाई व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक छ, जसले नागरिकमा आशा जगाउन सकोस् नागरिकलाई निराशामा राखेर न त कुनै राज्य सफल हुन्छ न त व्यवस्था, किनभने, हामी सबैले बुझ्नुपर्छ शासकीय संरचनामा आउने परिवर्तनहरूले मात्र युगका अपेक्षाहरू पूरा हुँदैनन्,' राष्ट्रपति पौडेलले भने, 'संविधान कागजमा लेखिएका शब्द वा वाक्य संग्रहको लिखित दस्तावेजमात्र होइन यो नागरिकका सपना, आशा, अपेक्षा र अधिकारको साझा प्रतिज्ञा पनि हो । यसको महत्त्व त्यतिबेला प्रकट हुन्छ, जब राज्य नागरिकको आर्तनादसँगै उभिन्छ, सरकार नागरिकको सेवक बन्छ, न्याय राज्यको मूल ध्येय बन्छ र कुनै नेपालीले आफ्नै देशमा आफूलाई एक्लो र पराया अनुभूत गर्नु पर्दैन ।'

उनले संविधान दिवसले सबै राजनीतिक दल, नेतृत्व, सरकार र सम्पूर्ण राज्यसत्तालाई अझ लोकतान्त्रिक, न्यायपूर्ण र परिणाममुखी बनाउने दायित्वबोध गराउने विश्वास व्यक्त गरे । उनले देशको मूल कानुन संविधानप्रति उच्च आदरका साथ त्यसले लिपिबद्ध गरेका वाचा र कबुललाई आमजनताको जीवनमा स्थापित सक्नुपर्नेमा जोड दिँदै प्राकृतिक विपत्तिले विकास केवल सडक, पुल र भवन होइन मानिसको जीवन, जीविका र भविष्यको सुरक्षा पनि हो भन्ने सोच्नुपर्ने बताए ।

राष्ट्रपति पौडेलले संविधानमा अन्तर्निहित लोकतान्त्रिक राज्यप्रणाली जनताको सर्वोपरि हितमा जोडिएकाले अब जलवायु परिवर्तनका चुनौतीबीच हाम्रा विकासका ढाँचाहरू अझ मानवीय, न्यायपूर्ण र प्रकृतिमैत्री बन्नुपर्छ भन्ने धारणा व्यक्त गरे ।

'मुलुकको संवैधानिक विकासक्रममा यस जननिर्मित संविधानले हामीलाई लोकतन्त्र  दिएको छ, हामीले इतिहासमै सबैभन्दा धेरै स्वतन्त्रता र सम्मान प्राप्त गरेका छौं, यो संविधानले हामीलाई प्रदेशहरू दिएको छ, हामीले आफ्नो प्रदेशलाई शान्त, भव्य र व्यवस्थित बनाउने अवसर प्राप्त गरेका छौं, एकात्मक र केन्द्रीकृत शासनप्रणालीको बदलामा प्राप्त संघीयता हाम्रा लागि संविधानले दिएको महत्त्वपूर्ण उपहार हो,' राष्ट्रपति पौडेलले भने ।

उनले यो संविधानले बहुलवादमा आधारित समावेशी नेपाल बनाउने अवसर दिएको र यो संविधानमार्फत राज्यको शासकीय संरचनालाई नयाँ ढंगले स्थापित गरिएकाले संविधानले प्रदान गरेका यी महान् उपलब्धिका जगमा नै हाम्रो भविष्यको सुखद यात्रा सुनिश्चित हुने विश्वास व्यक्त गरे ।

# परराष्ट्रमन्त्री खनाल आज न्युयोर्क जाँदै

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री शिशिर खनालसहितको एक टोली आज संयुक्त राज्य अमेरिकाको न्युयोर्क जाँदै छ । संयुक्त राष्ट्रसंघको ८१औं महासभामा भाग लिन परराष्ट्रमन्त्री खनाल त्यसतर्फ जान लागेका हुन् ।

परराष्ट्र मन्त्रालयका अनुसार मन्त्री खनालले महासभाको उच्चस्तरीय सत्रअन्तर्गत विभिन्न उच्चस्तरीय बैठक तथा मन्त्रीस्तरीय भेलामा सहभागिता जनाउने छन् । साथै, परराष्ट्रमन्त्री खनालले आफ्ना समकक्षी तथा अन्य विशिष्ट व्यक्तित्वसँग द्विपक्षीय भेटवार्तासमेत गर्ने कार्यक्रम छ ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री वालेन्द्र शाह यही असोज ६ गते अमेरिका जाने कार्यक्रम छ । प्रधानमन्त्री शाह १४ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जान लागेका हुन् । उनले महासभामा असोज ८ गते सम्बोधन गर्ने छन् ।


**साउदीमा रोजगार** कम्पनी : CITY MART STAR COMPANY | शहर : Dammam
पूर्व स्वीकृत मितिः २०८३/०६/०२ | चलानी नं.: ६०२६१३१२ | LT. No.: 348145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ४०,७८० | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**युएईमा रोजगार** कम्पनी : TESLA ELECTROMECHANICAL LLC | शहर : Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८३/०६/०२ | चलानी नं.: ६०२६१३०२ | LT. No.: 348109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PIPE INSULATOR | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | BLDG. ELECTRICIAN | 2 | 0 | | 1600 | ६६,७३६ | | | | | | | |
| 3. | Building Plumber | 2 | 0 | | 1600 | ६६,७३६ | | | | | | | |
| 4. | ASSIST. ELECTRICIAN | 4 | 0 | | 1300 | ५४,२२३ | | | | | | | |
| 5. | ASSIT. PLUMBER | 4 | 0 | | 1300 | ५४,२२३ | | | | | | | |
| 6. | INSULATION WORKER | 4 | 0 | | 1500 | ६२,५६५ | | | | | | | |
| 7. | Labourer (Building Worker) | 4 | 0 | | 1300 | ५४,२२३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ११ गते (27 Sept. 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA
**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नागोया एसियाडमा स्वर्ण सपना

एसियाली खेलकुद (एसियाड) को सात दशक लामो इतिहासमा नेपालको सहभागिता निरन्तर रहँदै आएको छ । सन् १९५१ मा भारतको नयाँदिल्लीमा सम्पन्न पहिलो संस्करणदेखि सुरु भएको यो यात्रामा नेपाली खेलाडीहरूले हरेक पटक नयाँ उत्साह, सम्भावना र पदकको आशा बोकेर देशको प्रतिनिधित्व गर्दै आएका छन् । हालसम्मको यात्रामा नेपालले तीन रजत र २३ कास्य गरी कूल २६ पदक आफ्नो नाममा लेखाउन सफल भएको छ । तर, सात दशकभन्दा लामो यो गौरवपूर्ण यात्रामा एउटा ठूलो प्रश्न र अधुरो सपना अझै पनि अनुत्तरित छ– नेपालले एसियाडको मञ्चमा कहिले स्वर्ण पदक जित्दै राष्ट्रिय धुन गुञ्जाउने छ ?

जापानको आइची–नागोयामा शनिबारदेखि सुरु भएको २०औं एसियाली खेलकुदले नेपाली खेलकुदको इतिहासमा यही अधुरो सपना पूरा गर्ने नयाँ आशा र सम्भावनाको दैलो उघारेको छ । यसपटक राष्ट्रिय खेलकुद परिषद्ले केवल सहभागितामा सीमित नरहेर नतिजामुखी बन्ने दिशामा देखाएको तत्परता स्वागतयोग्य छ । पूर्वखेलाडी दीपक विष्टको नेतृत्वमा केही सम्भावित खेलहरूलाई लगातार तीन वर्षसम्म विशेष प्रशिक्षणमा राखिनु र पर्याप्त लगानी गरिनुले यसपटक टोलीको तयारी विगतकोभन्दा भिन्न र परिपक्व रहेको संकेत गर्दछ । २१ खेलका १३५ जना प्रतिभावान खेलाडी (५७ महिला र ७८ पुरुष) आफ्नो सम्पूर्ण सामर्थ्यका साथ नागोयाको मैदानमा उत्रिँदै छन् । टोलीले राखेको 'दोहोरो अंकको पदकसहित स्वर्ण पदक जित्ने' लक्ष्य केवल एउटा औपचारिक घोषणामात्र नभई आमनेपाली खेलप्रेमीहरूको साझा अपेक्षा पनि हो ।

व्यक्तिगत र टोलीगत दुवै स्पर्धामा यसपटक पदकका बलिया सम्भावनाहरू देखिएका छन् । विगतका संस्करणहरूमा हासिल भएका सफलता र अन्तर्राष्ट्रिय मञ्चको प्रदर्शनलाई हेर्दा मार्सल आर्टस् (खासगरी कराते, बक्सिङ र ताइक्वाण्डो) पुनः नेपालका लागि पदकका मुख्य आधार हुन् । ६८ केजीभन्दा माथिको तौल समूहमा प्रतिस्पर्धा गरिरहेकी कराते खेलाडी एरिका गुरुङ र विश्व च्याम्पियनसिपमा ऐतिहासिक कास्य पदक जितेका बक्सर चन्द्रबहादुर थापामगरबाट सिंगो देशले स्वर्ण पदकको ठूलो आशा राखेको छ । त्यसैगरी, विगतमा कास्य पदक जितिसकेको महिला कबड्डी टोली, उच्च मनोबलका साथ मैदानमा उत्रिने पुरुष क्रिकेट टोली र महिला भलिबल टोलीको उपस्थितिमा टोलीगत स्पर्धामा पनि नेपालले नयाँ इतिहास रच्ने सम्भावना प्रबल छ ।

विश्व खेलकुदमा राष्ट्रको पहिचान स्थापित गर्ने र मुलुकको छवि उच्च बनाउने मुख्य माध्यम खेलकुद नै हो । स्रोत र साधनको सीमितता, आन्तरिक प्रशासनिक किचलो र दीर्घकालीन रणनीति अभावका बावजुद पनि हाम्रा खेलाडीहरूले वैदेशिक मञ्चमा देखाउने अदम्य साहस र खेलकौशल सधैं प्रशंसनीय रहँदै आएको छ । नागोया एसियाडमा नेपालको उपस्थितिलाई अब केवल औपचारिक सहभागिताको दायराभित्र राखेर हेर्न मिल्दैनह यो त नेपाली खेलकुदको नयाँ युगको सुरुआत र सफलताको नयाँ मानक स्थापना गर्ने अवसर हो ।

अनेकौं चुनौतीकाबीच आफ्ना पसिना, मिहेनत र देशप्रतिको समर्पण बोकेर जापानको मैदानमा देशको झण्डा बोकिरहेका सम्पूर्ण १३५ जना खेलाडी, प्रशिक्षक तथा टोलीका सदस्यहरूलाई हार्दिक शुभकामना ! मैदानमा देखाइने हरेक खेलकौशल र जितले तीन करोड नेपालीलाई गौरवान्वित बनाउने छ । आशा छ, नागोया एसियाड नेपाली खेलकुदका लागि स्वर्ण इतिहास लेखिने एउटा स्वर्णिम मोड साबित हुने छ । नेपाली खेलाडीहरूलाई सफलताको अग्रिम शुभकामना !

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# 'राष्ट्रिय सहमतिमै संविधान संशोधन हुन्छ, पुनर्लेखनको बहसमा छैनौं'



**असिम शाह**
संयोजक, संविधान संशोधन बहसपत्र तयारी कार्यदल

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकार गठन भएपछि २०८२ चैत १३ गते शासकीय सुधारसम्बन्धी १०० कार्यसूची जारी भयो । जसमा संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल गठन गर्ने उल्लेख थियो । त्यसलगत्तै सरकारले मन्त्रिपरिषद् बैठकबाटै संविधान संशोधनको बहसपत्र तयार पार्नका लागि प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार **असिम शाह**को अध्यक्षतामा संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको प्रतिनिधित्व रहनेगरी कार्यदल गठन गऱ्यो । हाल उक्त कार्यदलले आफ्नो जिम्मेवारी पूरा गरी सरकारलाई प्रतिवेदन बुझाइसकेको छ र सरकारले सो प्रतिवेदन अध्ययन गरिरहेको छ । शनिबार ११औं संविधान दिवसका अवसरमा कार्यदलका संयोजक शाहसँग प्रतिवेदनको वर्तमान अवस्था, कार्यदलले गरेको प्रयास र अबको प्रक्रियालगायतका विषयमा केन्द्रित रही *राष्ट्रिय समाचार समिति (रासस)*का उपसम्पादक **कमलकुमार बस्नेत**ले गरेको कुराकानीः

**सरकारले संविधान संशोधन बहसपत्र तयार गर्न तपाईंको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । यहाँहरूले सरकारलाई प्रतिवेदन पनि बुझाइसक्नुभएको छ । अहिले यो प्रक्रिया अहिले कहाँ पुगेको छ ?**

सरकारले २०८२ चैत १६ गतेको मन्त्रिपरिषद् बैठकबाट संविधान संशोधन बहसपत्र, २०८२ कार्यदल गठन गरेको थियो । जसमा संयोजकका रूपमा मलाई दिएको थियो । सरकार गठनलगत्तै जारी गरेको शासकीय सुधारका १०० बुँदामा पनि यो विषय समावेश थियो । कार्यदललाई सुरुमा दुई महिनाको समय दिइएको थियो, पछि ३० दिन थप गरी ९० दिन बनाइयो । कार्यदलले निर्धारित समयमा बहसपत्रको प्रतिवेदन सरकारलाई बुझाइसकेको छ । नेपालको संविधान, २०७२ ले नै संविधान संशोधन र केही आयोगको हकमा संविधान प्रारम्भ भएको मितिले १० वर्षपछि पुनरवलोकन गर्न सक्ने व्यवस्थासमेत गरेको छ । सोहीअनुसार कार्यदलले बहसपत्र तयार गर्ने जिम्मेवारी पाएको थियो । कार्यदलले सोहीअनुसार आफ्नो जिम्मेवारीअनुसार सरकारलाई प्रतिवेदन बुझाइसकेको छ ।

**कार्यदलले प्रतिवेदन बनाउनुअघि को–कोसँग सुझाव लियो र के कस्ता सुझावहरू प्राप्त गऱ्यो ?**

हामीले सबै क्षेत्रलाई समेटेका छौं । संविधानविद्, कानुनदेखि लिएर सबै क्षेत्रका प्रतिनिधिहरू, संघसंस्थाका प्रतिनिधिदेखि लिएर आमनागरिकसम्मका सुझाव समेटेका छौं । सबै राजनीतिक दलका प्रतिनिधि, पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्रीका पनि सुझाव लिएका छौं । उहाँहरूले दिनुभएको सुझावलाई वर्गीकरण गरी प्रतिवेदन तयार पारेका छौं । प्रतिवेदन तयारीका क्रममा निर्वाचन आयोगको लिखित सुझावसहित संसदमा प्रतिनिधित्व गर्ने नौ वटै राजनीतिक दलका तर्फबाट एक/एक जना सदस्यहरू प्रत्यक्ष संलग्न हुनुहुन्थ्यो । त्यसबाहेक पूर्वन्यायाधीशदेखि निजी क्षेत्र, विभिन्न आयोग, धार्मिक संस्था, आमसञ्चार क्षेत्र, सरकारी निकायसम्म बृहत् छलफल गरेका थियौं । त्यसबाहेक आमनागरिकहरूबाट पनि इमेल, ह्वाट्सएपलगायतका माध्यमबाट करिब ४४ हजार सुझाव प्राप्त गरेका थियौं । ती सबैलाई विश्लेषण गरी बहसपत्रको प्रतिवेदनमा समेटेका छौं ।

**संविधान संशोधनका लागि सरकारसँग दुईतिहाइको बहुमत जुटाउने एउटा चुनौतीपूर्ण अवस्था छ । विशेषगरी राष्ट्रियसभामा सत्तारूढ दलको उपस्थित नभएको अवस्थामा यो प्रक्रिया कति जटिल देख्नुहुन्छ ?**

दुईतिहाइ एउटा अंक हो । तर म चुनौतीपूर्ण अवस्था देख्दिन । किनभने यदि हामीले संविधान संशोधनका लागि त्यसको औचित्य पुष्टि गर्न सक्यौं भने राष्ट्रिय सहमति बनाउन समस्या हुँदैन । बृहत्‌रूपमा सबैलाई समेटेर अगाडि बढ्दा समस्या आउँदैन । सबैको साझा धारणा भएका विषयलाई एउटा बास्केटमा हाल्न सकिन्छ, बाँकीमा बहस र छलफल गरी सहमतिमा पुग्न सकिन्छ ।

**अहिले स्थानीय तहको चुनाव पनि नजिकिँदै छ । के कार्यदलले बुझाएको सुझावअनुसार काम अगाडि बढ्छ कि चुनावभन्दा अगाडि वा पछाडि काम सुरु होला ?**

संविधान संशोधन गर्ने कुरा हतारमा गर्नु हुँदैन । त्यसैले पनि हामीले बृहत्‌रूपमा छलफल गरेका हौं । जहाँसम्म स्थानीय तहको निर्वाचनभन्दा अगाडि वा पछाडि भन्ने कुरा छ, यसले फरक पार्दैन । यो विषय सरकारले सबै राजनीतिक दललाई मिलाएर लैजाने विषय हो । साझा सहमतिको विषय हो ।

**दुईतिहाइको विषयमा सर्वोच्च अदालतले दुवै सदनको एकमुष्ठ दुईतिहाइ भन्न मिल्दैन भन्ने कुरा आयो । यसमा यहाँको धारणा के छ ?**

सबैभन्दा ठूलो कुरा भनेको संविधान हो । संविधानमा जे लेखिएको छ, त्यही नै हुनुपर्छ । जहाँसम्म नियमावलीको कुरा छ सर्वोच्च अदालतले संविधानअनुसार नै व्याख्या गरेको हो । हाम्रो बुझाइमा फरक छैन ।

**कार्यदल गठन भएपछि संविधान संशोधन हो कि पुनर्लेखन नै गर्न खोजिएको हो भन्ने पनि थियो, यसमा के भन्नुहुन्छ ?**

म संयोजक भएको कार्यदलको काम संविधान संशोधनका लागि बहसपत्र तयार गर्नु थियो । बहसपत्र आफैंमा एउटा सुझावहरूको सन्दर्भ सामग्री हो । संविधान संशोधन संविधानको मर्म र आवश्यकताअनुसारले हुन्छ । साझा सहमतिमा संशोधन हुन्छ तर पुनर्लेखन गर्ने उद्देश्य भने होइन । पुनर्लेखन त सुरुदेखि नै अन्तिमसम्मको काम भयो । हाम्रो संविधान उत्कृष्ट छ, पुनर्लेखन गर्नुपर्दैन । पुनर्लेखनको बहसमा हामी जान पनि हुँदैन । त्यो हाम्रो बाटो पनि होइन । संविधानमा केही अप्ठ्यारा छन् भने संविधानको मर्मअनुसार त्यसलाई संशोधन गर्ने हो, सहज बनाउने हो ।

**कार्यदलले विशेष गरी कस्ता सुझावहरू प्राप्त गरेको छ ? ती सुझावलाई कसरी समेट्नुभएको छ ?**

कार्यदलले सबै क्षेत्रबाट प्राप्त सुझावलाई 'कम्पाइलेसन' गरेको हो । वर्तमान संविधान जारी भएको एक दशकको सन्दर्भमा कतिपय कुराहरू पुनरवलोकनका लागि समीक्षा पनि आवश्यक थियो । हामीले त्यसको औचित्य पनि विश्लेषण गरेका छौं । जस्तै कसैले स्थानीय तह राजनीतिक दलविहीन हुनुपर्छ भन्नुभएको छ । कतिपयले संविधानको मर्म राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिंगको हुनुपर्ने र उहाँहरूको क्षेत्राधिकारका सन्दर्भमा पनि सुझाव दिनुभएको छ । त्यसबाहेक शासन व्यवस्था, धर्मनिरपेक्षतादेखि संघीय संरचना, प्रदेशसभाको औचित्यका सन्दर्भमा पनि सुझावहरू दिनुभएको छ । त्यति मात्रै होइन, सबै आयोगहरूलाई एउटै समावेशी आयोग बनाउन पनि सुझाव दिनुभएको छ । निर्वाचन प्रणालीका सन्दर्भमा पनि केही सुझाव प्राप्त भएका छन् । धेरै विषयहरू संविधान कार्यान्वयनको सहजीकरणका सन्दर्भमा पनि छन् । विभिन्न क्षेत्रबाट विभिन्न सुझावहरू प्राप्त भएका छन् । हामीले सोहीअनुसार बहसपत्र तयार पारेका छौं ।

**बहसपत्र निर्माणका क्रममा राजनीतिक दलको संलग्नता र सहयोग कस्तो रह्यो ?**

राजनीतिक दल र उहाँका प्रतिनिधिहरूको संलग्नता सुरुदेखि नै थियो । उहाँहरूले सक्रिय सहभागिता जनाउनुभएको थियो । तर अन्तिम चरणमा राजनीति हावी भयो भन्ने लाग्छ । कार्यदलले काम गरेको ८३औं दिनमा उहाँहरूले शंका जनाउनुभयो । कार्यदलको जिम्मेवारी बहसपत्रमात्रै तयार पार्नु थियो, तर उहाँहरूमा कार्यदलले संविधान संशोधनको नै मस्यौदा नै त बनाउने होइन भन्ने शंका भयो । म आज फेरि भन्छु, कार्यदलको काम बहसपत्रमात्रै तयार गर्नु थियो, मस्यौदा होइन । मस्यौदाका लागि भोलिका दिनमा अर्को समिति बन्ला वा कुनै आयोग बन्ला

> “
> ⏭ दुईतिहाइ एउटा अंक हो । तर म चुनौतीपूर्ण अवस्था देख्दिन । किनभने यदि हामीले संविधान संशोधनका लागि त्यसको औचित्य पुष्टि गर्न सक्यौं भने राष्ट्रिय सहमति बनाउन समस्या हुँदैन ।
> ⏭ संविधान संशोधन गर्ने कुरा हतारमा गर्नु हुँदैन । त्यसैले पनि हामीले बृहत्‌रूपमा छलफल गरेका हौं । जहाँसम्म स्थानीय तहको निर्वाचनभन्दा अगाडि वा पछाडि भन्ने कुरा छ, यसले फरक पार्दैन ।
> ⏭ बहसपत्र आफैंमा एउटा सुझावहरूको सन्दर्भ सामग्री हो । संविधान संशोधन संविधानको मर्म र आवश्यकताअनुसारले हुन्छ । साझा सहमतिमा संशोधन हुन्छ तर पुनर्लेखन गर्ने उद्देश्य भने होइन ।
> ⏭ हाम्रो संविधान उत्कृष्ट छ, पुनर्लेखन गर्नुपर्दैन । पुनर्लेखनको बहसमा हामी जान पनि हुँदैन । त्यो हाम्रो बाटो पनि होइन । संविधानमा केही अप्ठ्यारा छन् भने संविधानको मर्मअनुसार त्यसलाई संशोधन गर्ने हो, सहज बनाउने हो ।
> ⏭ हामीले संविधान संशोधनका लागि बहसपत्र तयार गरेर सबैलाई सहज बनाइदिएका छौं । भोलिका दिनमा अर्को कोही आयो भने पनि उहाँहरूलाई स्वीकार्य हुनेगरी बहसपत्र तयार पारेका छौं । यो प्रतिवेदन सबैका लागि सहयोगी र सर्वस्वीकार्य छ भन्नेमा हामी विश्वस्त छौं ।

तर हाम्रो जिम्मेवारी बहसपत्र तयार मात्रै गर्नु थियो । यो संविधान संशोधनको प्रस्थान बिन्दुमात्रै हो भन्ने त्यतिखेर पनि स्पष्ट पारेको थिए र अहिले पनि दोहोऱ्याउन चाहन्छु ।

**तत्कालीन समयमा यो विषयमा तपाईंहरूले बुझाउनु सक्नुभएन कि उहाँहरू आफैंले बुझ्न चाहनुभएन ?**

हामी सुरुदेखि नै स्पष्ट थियौं । उहाँहरूले बुझ्नुभएन वा बुझ्न चाहनुभएन त्यो उहाँहरूको कुरा हो । म आज पनि के स्पष्ट छु भने संविधान संशोधनजस्तो विषय राष्ट्रिय सहमतिविना सम्भव छैन । जसमा सबै राजनीतिक दललगायत सबै सरोकारवालाहरूदेखि आमनागरिकको चाहना हुनुपर्छ । प्रधानमन्त्रीज्यू पनि संविधान संशोधन राष्ट्रिय सहमतिकै आधारमा हुनुपर्दछ भन्नेमा विश्वस्त हुनुहुन्छ ।

**संविधान जारी भएदेखि नै संघीय संरचना र प्रदेशसभाको आकारलाई लिएर पनि यदाकदा प्रश्न उठेको सुनिन्छ । यस विषयमा कस्ता सुझाव प्राप्त गर्नुभयो ?**

संघीयताको सन्दर्भमा संविधानले जे परिकल्पना गरेको छ, सोहीअनुसार जानुपर्छ भन्नेमै धेरै राजनीतिक दलको धारणा थियो । तर संघीयता खर्चिलो भयो भन्ने कुरा पनि आयो । प्रदेशले पनि संघलेजस्तै काम गर्दा भार ठूलो हुन गएको हो कि भन्ने पनि सुझावहरू आए । तर प्रदेशलाई बलियो बनाउने, मितव्ययी हुने भन्ने विषयमा सबैको एकमतजस्तै थियो । त्यसबाहेक अधिकार निक्षेपणको विषय, कानुन बनाएर कार्यान्वयनको विषय पनि विशेषरूपमा उठान गरिएको थियो । उदाहरणका लागि प्रहरी ऐन, निजामती ऐन, प्रदेशलाई दिनुपर्ने अधिकारलगायतका विषयमा धेरै सुझाव प्राप्त भएका छन् ।

**बहसपत्र निर्माण गर्दा के कस्ता चुनौती भोग्नुभयो ?**

सुरुदेखि नै सबैले साथ दिनुभयो । छलफल, बहसमा सबै क्षेत्रको सक्रिय सहभागिता रह्यो । जोसँग प्रत्यक्षरूपमा छलफल गरी सुझाव लिन सकेनौं, उहाँहरूले पनि विभिन्न माध्यमबाट हजारौं सुझावहरू दिनुभयो । त्यसैले ठूलो समस्या भएन । धेरैभन्दा धेरै क्षेत्र, व्यक्तिलाई समेट्ने क्रममा सुरुको निर्धारित समयभन्दा केही बढी समय पक्कै लाग्यो तर अप्ठ्यारो भएन । हामी सुरुदेखि नै आफ्नो जिम्मेवारीमा मात्रै केन्द्रित थियौं । त्यसले पनि सहज भयो । यद्यपि यति हुँदाहुँदै पनि अन्तिममा आएर केही राजनीतिक दलहरू अलग हुनुभयो ।

**संविधान संशोधन आफैंमा चुनौतीपूर्ण हुन्छ । तपाईं आफैंलाई संविधान संशोधन कसरी हुनुपर्छ भन्ने लाग्छ ?**

संविधान संशोधन आवश्यकताका आधारमा गर्ने कुरा हो । सबैको सहमति र सहकार्य जरुरी छ । धेरै विषय भए चरणबद्ध रूपमा पनि जान सकिन्छ । तर मुख्य विषय साझा सहमतिको हो । संविधान संशोधन आफैंमा एउटा 'पण्डोरा बक्स' हो, यो खोल्दाखेरी संवेदनशील हुनुपर्छ । भूराजनीतिदेखि विभिन्न सम्भाविता जटिलताहरूको पूर्वानुमान गर्न सक्नुपर्छ ।

**तपाईंलाई नेपालको संविधान, २०७२ कस्तो लाग्छ ? साथै कार्यान्वयन कति चुनौतीपूर्ण छ ?**

नेपालको संविधान २०७२, जनताबाट निर्वाचित जनप्रतिनिधिले संविधानसभाबाट निर्माण गर्नुभएको हो । त्यसको वैधानिकतामा कुनै प्रश्न नै छैन । यो अन्तरिम संविधान, २०६३ लाई 'रिप्लेस' गरेर आएको संविधान हो । हामी यही संविधान मानेर अगाडि बढेका छौं । वर्तमान संविधान उत्कृष्ट छ । संशोधनको कुरा संविधानको मर्मअनुसार नै हुनुपर्छ र हुन्छ । यो संविधान हाम्रा लागि मार्गदर्शन हो । संविधानमा कहीँ पनि खोट लगाउने ठाउँ छैन । केही कमीकमजोरी हुनसक्लान्, समयक्रममा औचित्य फरक पर्न सक्छन् । त्यसका लागिमात्रै संशोधन गर्ने हो । जहाँसम्म कार्यान्वयनको विषय छ, यो कति इमानदार भएर कार्यान्वयन गर्छौं त्यसमा भर पर्छ । सबै इमानदार हुने हो भने संविधान कार्यान्वयनमा कुनै असहज हुँदैन भन्ने विश्वास छ ।

**अन्त्यमा, तपाईंको नेतृत्वमा जसरी संविधान संशोधनको बहसपत्र तयार भएको छ । के यो अर्को सरकार आए पनि कार्यान्वयनका लागि तपाईंले बनाएको प्रतिवेदन स्वीकार्य होला ?**

पक्कै पनि । मलाई के विश्वास छ भने हामीले संविधान संशोधनका लागि बहसपत्र तयार गरेर सबैलाई सहज बनाइदिएका छौं । भोलिका दिनमा अर्को कोही आयो भने पनि उहाँहरूलाई स्वीकार्य हुनेगरी बहसपत्र तयार पारेका छौं । यो प्रतिवेदन सबैका लागि सहयोगी र सर्वस्वीकार्य छ भन्नेमा हामी विश्वस्त छौं ।



**संविधान दिवसमा प्रभातफेरी** | संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८३ का अवसरमा शनिबार पोखरामा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागी गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलगायत । *तस्बिरः रासस*

# काभ्रेका ३७ जना सम्पर्कविहीन, तीन जनाको कुशको शव बनाएर अन्त्येष्टि

**काभ्रेपलाञ्चोक–** भोटेकोशीको बाढीमा तीन हप्तादेखि विभिन्न कामको सिलसिलामा त्यहाँ पुगेका काभ्रेपलाञ्चोकका ३७ नागरिक अझै सम्पर्कविहीन अवस्थामा रहेका छन् । बेपत्ता तीन जनाको भने कुशको शव बनाएर संस्कार पूर्वक अन्त्येष्टि गरिएको छ ।

बाढीपछि हराइरहेका ३७ जिल्लाका नागरिक अहिलेसम्म परिवार तथा प्रशासनको सम्पर्कमा नआएको जिल्लास्थित प्रशासन कार्यालयको आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ । बाढीपछि चौंरी देउराली गाउँपालिका-५ का हेमन्त चौलागाईं, प्रतीक गौतम, वडा नं ७ की सम्झना मोक्तान, चौंरी देउराली-२ घर भई हाल कलंकी बस्ने राजेन्द्र प्रधान, पनौती नगरपालिका-५ का दिनेश श्रेष्ठ, वडा नं ३ का अच्युतम सापकोटा, वडा नं ९ का अर्जुन खत्री केसी सम्पर्कविहीन अवस्थामा रहेका हुन् ।

यस्तै, बनेपा-९ का उद्धव सापकोटा, वडा नं १० का बालकृष्ण रञ्जित, प्रह्लाद गिरी परिवारसँग सम्पर्कविहीन भएको जनाइएको छ । बनेपा-८ का एगेश श्रेष्ठ, आशिष गुभाजु, भोगेन्द्रकुमार खत्री, वडा नं १३ को प्रकृति डंगोल सम्पर्कमा आएका छैनन् । पाँचखाल-११ का मिलन खरेल, राजकुमार गौतम, वडा नं ३ का ज्ञानेन्द्रलाल श्रेष्ठ, भुम्लु-१ का महेश पन्त, मिलन श्रेष्ठ र प्रकाश श्रेष्ठ, वडा नं ५ का राजकुमार रिजाल, वडा नं ८ का सुवास तामाङ सम्पर्कविहीन बनेका केन्द्रले जनाएको छ ।

## भोटेकोशी बाढी

त्यस्तै, बाढीपछि बेथानचोक-४ का राजकुमार लोप्चन, रोजिना लोप्चन र आइते तामाङ, तेमाल-७ का विशाल तामाङ, वडा नं ८ का गणेश लामा, वडा नं ६ का सुमन तामाङ, सुजित तामाङ, डुप्साङ तामाङ, ज्ञानबहादुर राना मगर र मिलन तामाङ सम्पर्कविहीन भएका छन् ।

मण्डनदेउपुर-२ का कुलबहादुर तामाङ, धुलिखेल-२ का संगम चौलागाईं, सुकुमान तामाङ, वडा नं ३ का मनिक भुजेल, वडा नं ८ का महेश तामाङ हालसम्म सम्पर्कविहीन अवस्थामा रहेका छन् । प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले सम्पर्कविहीन नागरिकको खोजीका लागि स्थानीय प्रशासनले आवश्यक समन्वय र पहल गरिरहेको जानकारी दिए ।

यसैबीच, तीन हप्ताभन्दा बढी समयसम्म कतै सम्पर्क तथा कुनै पत्ता नलागेपछि सम्पर्कविहीनमध्ये तीन जनाको परिवारले जीवित भेटिने आश मारेर कुशको शव बनाई परम्पराअनुसार दाहसंस्कार गरेका छन् । पाँचखाल-११ का राजकुमार गौतम तथा बनेपा-१० का बालकृष्ण रञ्जित र प्रह्लाद गिरीको कुशको शव बनाई परम्पराअनुसार दाहसंस्कार गरिएको हो । उक्त बाढीमा परी ज्यान गुमाएका पाँचखाल-६ का बस चालक दिलकुमार श्रेष्ठ र रोशी-९ का शंखबुद्ध तामाङको शव यसअघि नै फेला परिसकेको काभ्रेपलाञ्चोक प्रशासनले जनाएको छ । *रासस*

# करेन्ट लागेर मऱ्यो जंगली हात्ती 'रोनाल्डो'



**चितवन–** जंगली हात्ती 'रोनाल्डो' मृत भेटिएको छ । चितवन राष्ट्रिय निकुञ्जको बरण्डाभारमा विद्युतीय तार रहेका अवस्थामा हात्ती शनिबार मृत भेटिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार टिकौली गेटबाट बरण्डाभार पोस्टमा लगिएको विद्युतीय तारमा परेर हात्ती मरेको अवस्थामा फेला परेको हो । उनका अनुसार १६ फिट माथिबाट तानिएको प्लास्टिकले बेरिएको (कोटेट) हात्तीको मुखमा देखिएको छ । शुक्रबार राति कुनै बेला हात्तीले हिँड्ने क्रममा सूँडले तारमा लागेर करेन्ट लागेको प्रारम्भक अनुमान छ ।

अन्दाजी ४५ वर्षीय जंगली हात्ती केही वर्षअघिसम्म रिसाहा भए पनि पछिल्ला वर्षमा शान्त थियो । थापामगरका अनुसार यकिन तथ्यांक नभए पनि पाँच/छ जनालाई यसले रिसाउँदा आक्रमण गरेर मारेको अनुमान छ ।

विसं २०६५/६६ देखि हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा आउने-जाने गरेको यो हात्तीबाट ३३ वटा बच्चा जन्मिएको केन्द्रका मणिपुरण चौधरी बताउँछन् । पछिल्ला वर्षमा निकै शान्त यस हात्तीले अधिकांश केन्द्रका पोथी हात्तीलाई प्रजनन गराउँदै आएको थियो ।

चौधरीले भने, 'वि.सं. २०५० यता हालसम्म केन्द्रमा ७१ वटा छावा जन्मिएकामा ३३ वटाको बाउ रोनाल्डो हो ।' केन्द्र विसं २०४४ मा स्थापना भएको हो । विसं २०५० बाट त्यहाँ बच्चा जन्मिन सुरु गरेका हुन् ।

चौधरीका अनुसार यस वर्ष बच्चा जन्माउन लागेका ऐश्वर्यमाला र कर्णालीकलीलाई रोनाल्डोले नै प्रजनन गराएको हो । त्यस्तै, गर्भवती भएका तमोर, तीर्थमान, हिमाली र चितवनकलीलाई पनि रोनाल्डोले नै प्रजनन गराएको चौधरीले बताए । खोरसोरमा रहेका सातवटा छावामध्ये छ वटा रोनाल्डोका हुन् भने एउटा ध्रुवेको हो । खोरसोरमा नौ वटा माउ छन् । तीमध्ये माउसमेत अधिकांश रोनाल्डोको बच्चा भएको उनी बताउँछन् ।

विगत दुई महिनायतादेखि खोरसोर क्षेत्रमा रोनाल्डो आएको थिएन । चौधरीले भने, 'त्यतिको शान्त जंगली हात्ती अरु हुँदैनन । यो मर्दै गर्दा खोरसोरको नाकै गयो ।' रोनाल्डो आउन छाडेपछि हिजोआज गोविन्दे हात्ती प्रजनन केन्द्रमा आउने जाने गरेको छ । यो निकै रिसाहा रहेको उनी बताउँछन् । *रासस*

बजेट पारित नहुँदाको समस्या

# दुई महिनादेखि तलबविहीन सुदूरपश्चिमका कर्मचारी




■ इन्द्राकुमारी केसी

**कैलाली–** आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बितिसक्दा पनि सुदूरपश्चिम प्रदेश सरकार मातहत कार्यरत कर्मचारीले नियमित तलब पाउन सकेका छैनन् ।

आव सुरु भएपछि कार्यालयका नियमित प्रशासनिक काम तथा सेवा प्रवाहका गतिविधि सञ्चालन भइरहे पनि आवश्यक बजेट कार्यान्वयन हुन नसक्दा सरकारी संयन्त्र नै आर्थिक दबाबमा परेको छ । कर्मचारी नियमितरूपमा कार्यालयमा उपस्थित भएर जिम्मेवारी निर्वाह गरिरहेका भए पनि पारिश्रमिक पाउन नसकेको अवस्था छ ।

साउन र भदौ महिनाको पारिश्रमिक नपाउँदा प्रदेशका मन्त्रालयलगायत प्रदेश सरकार मातहतका कार्यालयमा कार्यरत कर्मचारी घरायसी तथा कार्यालय खर्च व्यवस्थापनको दबाबमा परेका छन् । लामो समयसम्म तलब रोकिँदा कार्यालय सञ्चालनका नियमित खर्चसमेत प्रभावित हुन थालेका छन् ।

सवडिभिजन वन कार्यालय सुखडका वन अधिकृत सोम घलानले दुई महिनादेखि तलब नआउँदा कर्मचारीलाई मात्र नभई कार्यालय सञ्चालनमा समस्या हुन थालेको बताए । कार्यालयका नियमित खर्च व्यवस्थापन गर्न कठिनाइ भइरहेको उनले बताए ।

उनका अनुसार कार्यालयको बिजुलीको बिलसमेत समयमै तिर्न समस्या भएको छ । बिल समयमा तिर्न नसक्दा जरिवाना थपिँदै गएको छ । कार्यालयका दैनिक प्रशासनिक काम सञ्चालन गर्न आवश्यक अन्य खर्चसमेत बजेट निकासा र भुक्तानी प्रक्रियामा निर्भर रहने भएकाले त्यसको असर कार्यालयको काममा पर्न थालेको उनको भनाइ छ ।

सवडिभिजन वन कार्यालय सुखडका वनरक्षक गोकुल थापाले तलब नआउँदा घरायसी खर्च व्यवस्थापन गर्न कठिन भएको बताए । घरभाडा, दैनिक उपभोग्य सामग्री खरिदलगायत नियमित खर्च तलबकै भरमा व्यवस्थापन गर्नुपर्ने भएकाले दुई महिनासम्म पारिश्रमिक रोकिँदा समस्या थपिएको उनले बताए ।

### दसैं नजिकिँदा रोकिएको तलबले थपियो चिन्ता

दुई महिनादेखि तलब नपाएका कर्मचारीको समस्या दैनिक घर खर्चमामात्र सीमित छैन । बडादसैं सुरु हुन करिब दुई सातामात्र बाँकी रहँदा चाडपर्वको खर्च व्यवस्थापनलाई लिएर उनीहरूको चिन्ता थपिएको छ । दसैंका बेला घर जाने यातायात खर्च, खाद्यान्न तथा आवश्यक सामग्री खरिद, बालबालिकाका आवश्यकता पूरा गर्नुपर्ने तथा आफन्त र परिवारसँग जोडिएका सामाजिक दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । नियमित मासिक आम्दानीमा निर्भर कर्मचारीले दुई महिनाको तलब नपाउँदा यस्ता खर्च व्यवस्थापन गर्न कठिन भएको बताएका छन् ।

डिभिजन वन कार्यालय कैलालीमा कार्यरत वरिष्ठ वन अधिकृत विश्वराज पण्डितले दसैं नजिकिँदै गर्दा घरपरिवार तथा चाडपर्वको खर्च कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता बढेको बताए । 'दुई महिनादेखि तलब आएको छैन । दसैं आउन लागेको छ । घरपरिवारसँग चाड मनाउन आवश्यक सामान किन्ने र घर जाने खर्चसमेत जुटाउनुपर्ने हुन्छ । तलब कहिले आउँछ भन्ने टुंगो नहुँदा चिन्ता बढेको छ,' उनले भने ।

सुदूरपश्चिम प्रदेशसभाका अधिकृत युवराज जैसीले नियमित आम्दानी रोकिँदा सामान्य घरखर्चसमेत धान्न कठिन भएको बताए । तलब नआउँदा घरभाडा, बालबालिकाको विद्यालय शुल्क तथा दैनिक खाद्यान्नलगायत खर्च व्यवस्थापन गर्न समस्या भइरहेको उनले बताए ।

'दैनिक खर्च चलाउन नै समस्या भइरहेको छ । दसैं नजिकिँदै गर्दा थप खर्च आवश्यक पर्छ । अहिले तलब आउने निश्चित नभएकाले चाडपर्वको खर्च कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता छ,' उनले भने ।

ट्रेड युनियन कैलालीका अध्यक्ष विमलप्रकाश जोशीले तलब नपाउँदा कर्मचारीमा आर्थिकसँगै मानसिक दबाबसमेत बढ्दै गएको बताए । नियमित आम्दानी रोकिँदा कर्मचारीको घरव्यवहार सञ्चालनमा प्रत्यक्ष असर परेको र विशेषगरी भाडामा बसेर काम गर्ने कर्मचारी थप समस्यामा परेको उनको भनाइ छ ।

'कर्मचारीले आफ्नो जिम्मेवारीअनुसार नियमित काम गरिरहेका छन् । तर तलब नआउँदा उत्पन्न समस्याको दोषसमेत कर्मचारीमाथि आउने अवस्था छ । राजनीतिक नेतृत्वबाट निर्णय र काम हुन नसक्दा त्यसको असर कर्मचारीतन्त्रले खेप्नुपरेको छ,' अध्यक्ष जोशीले बताए ।

उनले दसैं नजिकिँदै गएकाले कर्मचारीको अवस्थालाई ध्यानमा राखेर प्रदेश सरकारले बजेट पारित गरी तलब भुक्तानीको वातावरण बनाउनुपर्ने बताए । बजेट नआउँदा कर्मचारीको तलबमात्र नभई प्रदेश सरकारका नियमित काम तथा सेवा प्रवाहसमेत प्रभावित भएको उनको भनाइ छ ।

### बजेट पारित नहुँदा तलब भुक्तानीमा समस्या

प्रदेश लेखा नियन्त्रक कार्यालयका वरिष्ठ लेखा अधिकृत तथा सूचना अधिकारी बल्देव कपाडीका अनुसार प्रदेश सरकारले प्रदेशसभामा बजेट प्रस्तुत गरी पारित गरेपछिमात्रै नियमित बजेट कार्यान्वयन प्रक्रिया अघि बढ्छ ।

बजेट पारित भएपछि सम्बन्धित कार्यालयलाई प्रणालीमार्फत बजेट उपलब्ध गराइन्छ । त्यसपछि सम्बन्धित कार्यालयका अधिकारीले स्वीकृत बजेट तथा प्रचलित कानुनअनुसार खर्च प्रक्रिया अघि बढाई भुक्तानी आदेश पेस गरेपछि प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा तथा भुक्तानी हुने व्यवस्था रहेको उनले बताए ।

'बजेट पारित नभएसम्म नियमित बजेट कार्यान्वयन गर्न सकिँदैन । त्यसैले अहिले तलब भुक्तानी प्रक्रिया अघि बढ्न सकेको छैन,' कपाडीले भने ।

उनका अनुसार कर्मचारीको तलब भुक्तानीका लागि पनि सम्बन्धित कार्यालयको स्वीकृत बजेट, अख्तियारी तथा निकासा प्रक्रियासहितका चरण पूरा हुनुपर्छ । बजेट नै कार्यान्वयनमा आउन नसकेको अवस्थामा नियमित खर्च शीर्षकमा भुक्तानी गर्न समस्या हुने भएकाले कर्मचारीको पारिश्रमिकसमेत रोकिएको हो । यसले कर्मचारीको तलब भुक्तानीमा देखिएको समस्या कार्यालयगत ढिलाइमात्र नभई बजेट पारित हुन नसकेका अवस्थासँग प्रत्यक्ष जोडिएको देखाउँछ । बजेट पारित भएर आवश्यक वित्तीय प्रक्रिया अघि बढेपछिमात्रै नियमित भुक्तानीको बाटो खुल्ने कार्यालयको भनाइ छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव एवं प्रवक्ता जगदीश जोशीले प्रदेश सरकारले बजेट ल्याउन नसकेका कारण कर्मचारीको तलब भुक्तानी गर्न नसकिएको भन्दै बजेट नआएका कारण त्यसअनुसार आवश्यक वित्तीय प्रक्रिया अघि बढाउन समस्या भएको उनले बताए । 'प्रदेश सरकारले बजेट नल्याउँदा कर्मचारीको तलब भुक्तानी गर्न नसकिएको हो,' उनले भने, 'बजेट आएपछि आवश्यक प्रक्रिया पूरा गरेर तलब भुक्तानी गर्ने व्यवस्था मिलाइन्छ ।'

प्रदेश सरकारका कर्मचारीको पारिश्रमिक भुक्तानी नियमित बजेट प्रक्रियासँग जोडिएकाले बजेट पारित हुन नसक्दा प्रदेशका विभिन्न कार्यालयको नियमित खर्च व्यवस्थापन प्रभावित भएको छ ।

### सरकार फेरिए पनि बजेट आएन

सुदूरपश्चिममा सरकार गठन तथा सत्तासमीकरण परिवर्तनसँगै बजेट निर्माण र पारित गर्ने प्रक्रिया प्रभावित भएको छ । प्रदेशसभाबाट बजेट पारित नहुँदा आव सुरु भएदेखि नै नियमित बजेट कार्यान्वयनमा समस्या देखिएको छ । यसको प्रत्यक्ष असर प्रदेश सरकार मातहत कार्यरत कर्मचारीको तलब भुक्तानीमा परेको छ । खरिद प्रक्रिया अगाडि नबढ्दा स्वास्थ्य संस्थामा औषधि अभावको समस्या आउन थालेको छ भने योजना कार्यान्वयनको प्रक्रिया पनि पछाडि धकेलिएको छ ।

यसअघि नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता साझेदारीमा रहेको प्रदेश सरकारले १ असारमा आगामी आवको बजेट सार्वजनिक गरेको थियो । तर बजेटमा देखिएको विवादका कारण कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह नेतृत्वको सरकार ढलेपछि उक्त बजेट कार्यान्वयनमा जान सकेन ।

नेकपा एमालेको साझेदारीमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का खगराज भट्ट प्रदेशको मुख्यमन्त्री छन् । भट्ट नेतृत्वको सरकारले बजेटविहीनताको अवस्था अन्त्य गर्न यसअघि सार्वजनिक बजेट पुनर्लेखन गरेर नयाँ बजेट ल्याउने बताउँदै आएको छ ।

सरकार परिवर्तन भएपछि बजेट प्रक्रिया अघि बढ्ने अपेक्षा थियो । तर नयाँ सरकार गठन भएको एक महिना बितिसक्दा पनि बजेट पारित हुने टुंगो लाग्न सकेको छैन । मुख्यमन्त्री भट्टले प्रदेशमा रहेको बजेट शून्यताको अवस्था अन्त्य गर्दै नीति, विधि र पद्धतिमा आधारित बजेट ल्याउने तयारी भइरहेको बताएका छन् । *रासस*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०३१०० | प्रति तोला – ० | प्रति तोला – ४७७५ |



**कुचो सुकाउँदै...** | दाङको घोराही उपमहानगरपालिका-९ स्थित अस्परीकी स्थानीय थारु महिला घरमै बनाइएको कुचो घाममा सुकाउँदै । खोला किनारमा उम्रिने खेर जाने वनस्पतिबाट तयार गरिने कुचो घर बढार्ने काममा प्रयोग हुने गर्दछ । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# भारतीय व्यवसायीलाई नेपालमा लगानी अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले भारतीय लगानीकर्ता, उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानी र व्यापारका पर्याप्त अवसर रहेको बताएका छन् । भारत भ्रमणमा रहनुभएका उनले नेपालमा रहेको लगानीको अवसरलाई सदुपयोग गर्न त्यहाँका लगानीकर्तालाई आह्वान गरेको उनको सचिवालयले जनाएको छ ।

नयाँदिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सिआइआइ)द्वारा शनिबार आयोजित व्यापार तथा लगानी अन्तरक्रियामा अर्थमन्त्री डा वाग्लेले उदीयमान लगानीका अवसरमाथि प्रकाश पार्दै आर्थिक रूपान्तरणमा सहभागी हुन आह्वान गरेका हुन् । उनले नेपालले उच्च वृद्धिको सम्भावना भएका क्षेत्रमा लगानीका लागि ठूलो अवसर प्रदान गर्ने उल्लेख गर्दै पहिले नै नेपालमा सञ्चालित भारतीय कम्पनीलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ लगानीकर्तालाई नेपाली बजारको खोजी गर्न आग्रह गरे ।

मन्त्री वाग्लेले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेकामा जोड दिए । उनले नीतिगत सुधारलाई तीव्र बनाउन र अझ बढी अनुमानयोग्य, पारदर्शी तथा लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न सरकारले लागिपरेको स्पष्ट पारे ।

'सूचना प्रविधि, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, पर्यटन र उत्पादन साझेदारीको अवधारणामा आधारित उत्पादन क्षेत्र नेपालको अर्थतन्त्रका महत्वपूर्ण वाहकका रूपमा उदय भइरहेका छन्', मन्त्री वाग्लेले भने, 'भारतीय व्यवसायीलाई नेपाललाई बजारका रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि र क्षेत्रीय तथा विश्वव्यापी आपूर्ति शृङ्खलामा एकीकरणका लागि रणनीतिक साझेदारका रूपमा हेर्न चाहन्छौं ।'

उनले वार्षिक बजेट, कर सुधार र लगानीकर्तामैत्री नीतिगत पहलमार्फत नेपाल सरकारले हालै चालेका कदम व्यावसायिक वातावरण सुधार गर्न, लगानीका बाधाहरू हटाउन र निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिलाई सहज बनाउन लक्षित रहेको स्पष्ट पारे । उनले नेपाल र भारतबीचको दीर्घकालीन आर्थिक सम्बन्धले द्विपक्षीय व्यापार र लगानी विस्तारका लागि बलियो आधार प्रदान गरेको उल्लेख गरे ।

कार्यक्रममा भारतीय व्यावसायिक नेताहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# सामाजिक न्यायसहित आर्थिक समृद्धि हासिल गर्नुपर्छ : मुख्यमन्त्री शाही

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मंगलबहादुर शाहीले संविधानतको मर्मअनुसार सामाजिक न्यायसहित आर्थिक समृद्धि हासिल गर्नुपर्ने बताएका छन् ।

संविधान तथा राष्ट्रिय एकता दिवस, २०८३ को पावन अवसरमा कर्णाली तथा स्वदेश विदेशमा रहेका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी, दाजुभाइहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै उनले राजनीति अधिकार प्राप्त भइसकेकाले अब लक्ष्य सामाजिक न्यायसहितको आर्थिक समृद्धि हासिल गर्नु मुख्य जिम्मेवारी भएको बताएका हुन् ।

उनले भने, 'संविधानको मर्म र भावनालाई पूर्ण रूपमा व्यवहारमा रूपान्तरण गर्न सबै राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज र आम प्रदेशवासीमा गोलबन्द भएर अगाडि बढ्नुपर्छ । 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को प्रादेशिक सङ्कल्प पूरा गर्न कर्णाली प्रदेश सरकार निरन्तर क्रियाशील छ ।' साधनस्रोतको समुचित प्रयोग, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र रोजगारका अवसर सिर्जना गर्दै संविधानले सुनिश्चित गरेका मौलिक अधिकारहरू नागरिकको घरदैलोसम्म पुर्‍याउन प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री शाहीले बताएका छन् ।

त्यसको साथै यस ऐतिहासिक दिनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका साथै कर्णाली प्रदेश प्राप्तिका लागि भएको ऐतिहासिक आन्दोलन, जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन र विभिन्न न्यायपूर्ण आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवनोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उनले घाइते, बेपत्ता नागरिक तथा लोकतान्त्रिक एवं प्रदेश प्राप्तिको आन्दोलनको नेतृत्व गर्ने अग्रजहरूप्रति उच्च सम्मान एवं श्रद्धा व्यक्त गर्दछु गरेका छन् ।

जनतालाई नै राज्यशक्तिको स्रोतका रूपमा स्थापित गर्दै सार्वभौमसत्ता र सम्प्रभूता जनतामा निहित गराएको यो संविधानले कर्णालीजस्तो भौगोलिक रूपमा विकट तर सम्भावनाले भरिपूर्ण क्षेत्रलाई अधिकारसम्पन्न बनाएको उल्लेख गर्दै मुख्यमन्त्री शाहीले संविधान ल्याउन आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै यसको संरक्षण, प्रवर्द्धन र सफल कार्यान्वयनमा जोड दिन सबै सरोकारवालामा आग्रह गरेका छन् ।

## भदौमा पाँच अर्बको विद्युत् निर्यात

**काठमाडौं (प्रस)–** गत भदौमा रु पाँच अर्ब नौ करोड २४ लाख बढीको विद्युत् निर्यात भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार उक्त अवधिमा भारत र बंगलादेशतर्फ कुल ५६ करोड ५६ लाख छ हजार ४४३ युनिट विद्युत् निर्यात भएको हो । द्विपक्षीय सम्झौता र विद्युत् बजार (एक्सचेन्ज मार्केट) मार्फत विद्युत् बिक्री गरिएको हो ।

द्विपक्षीय सम्झौतामार्फत ४२ करोड १६ लाख युनिटभन्दा बढी विद्युत् रु तीन अर्ब ६४ करोडभन्दा बढीमा बिक्री भएको छ भने एक्सचेन्ज मार्केटमार्फत १४ करोड ३९ लाख युनिटभन्दा बढी विद्युत् निर्यातबाट रु एक अर्ब ४४ करोड ९९ लाख आम्दानी भएको छ । भोटेकोशी बाढीबाट चिलिमे तथा त्रिशूली जलविद्युत् केन्द्रका संरचनामा क्षति पुगेपछि हाल बंगलादेशतर्फको विद्युत् निर्यात रोकिएको प्राधिकरणले जनाएको छ ।

# बाँदरले दुःख दिएपछि 'तरूल' खेती

■ प्रभाव संवाददाता

**भोजपुर–** जिल्लाको ग्रामीण भेगमा बाँदरको सास्ती बढेपछि किसानहरूले त्यसको विकल्पका रूपमा घरतरुल खेतीलाई रोज्न थालेका छन् । जमिनमुनि फल्ने भएकाले बाँदर तथा अन्य वन्यजन्तुबाट सुरक्षित हुनुका साथै थोरै मिहिनेतमा राम्रो आम्दानी लिन सकिने भएपछि यहाँका किसानको आकर्षण घरतरुलतर्फ बढेको हो ।

मकै, कोदो, आलु जस्ता परम्परागत बाली बाँदरले सखाप पारेर हैरान बनाएपछि कतिपय किसानले जमिन नै बाँझो छाड्ने गरेका थिए । तर अहिले किसानहरूले त्यस्ता जमिनमासमेत घरतरुल खेती गर्दै आएका छन् । भोजपुर नगरपालिका-५ का किसान बेनीबहादुर विष्टका अनुसार बाँदरको अत्यधिक समस्या भएका ठाउँमा घरतरुल भरपर्दो आम्दानीको स्रोत बनेको छ । 'बाँदरले अरू बाली केही पनि बाँकी राख्दैन,' उनले भने, 'तर तरुल जमिनमुनि फल्ने भएकाले सुरक्षित रहन्छ। अहिले गाउँका धेरै किसानले बाँदर छल्नकै लागि भए पनि तरुल खेती विस्तार गरेका छन् ।'

तरुल मुख्यगरी उसिनेर खान र तरकारीका रूपमा प्रयोग हुने भएकाले यसको बजार माग उच्च छ । स्थानीय किसान धन थापाका अनुसार अहिले गोडमेल गरिएको तरुल कात्तिक-मंसिर महिनाबाट खनेर बजारमा बिक्रीका लागि लैजाने गरिन्छ । किसानले बढी मात्रामा जाँते तथा पतले जातको घरतरुल रोप्ने गरेको उनले जानकारी दिए । 'स्थानीय बजारमा घरतरुल प्रतिकेजी रु. ८० देखि रु. १२० सम्ममा सजिलै बिक्री हुन्छ, 'किसान थापाले भने, 'मलखाद र माटोको अवस्था राम्रो भएर फस्टाएको एउटै बोटबाट १५ देखि २० किलोग्रामसम्म उत्पादन लिन सकिन्छ । यसकै आम्दानीले नुनतेलदेखि घरपरिवारको सामान्य खर्च मज्जाले टरेको छ ।'

कम सिँचाइ र भिरालो जमिनमा पनि राम्रो उत्पादन हुने भएकाले पहाडी भू-भागका लागि यो अत्यन्तै उपयुक्त बाली मानिन्छ। विशेष गरी माघे संक्रान्तिका बेला यसको माग झनै उच्च हुने भएकाले किसानहरूले सोही समयलाई लक्षित गरेर बिक्री बढाउने गरेका छन् ।

स्थानीय बजारका साथै धरान, इटहरी र विराटनगर जस्ता सहरमासमेत जिल्लाको तरुलको माग रहेकाले बजारीकरणमा समस्या नरहेको किसानहरू बताउँछन् । कृषि विज्ञहरूका अनुसार बाँदर प्रभावित क्षेत्रका किसानलाई यस्ता वैकल्पिक र नगदे बालीतर्फ प्रोत्साहन गर्न स्थानीय सरकारले प्राविधिक सहयोग र उन्नत बीउ उपलब्ध गराउन आवश्यक देखिन्छन् ।

# तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर

■ प्रभाव संवाददाता

**दमौली–** तनहुँ जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बन्दै गएको छ । विगत केही वर्षदेखि जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर छ भने माछामा भने आत्मनिर्भर नरहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ ।

केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले प्रति व्यक्ति प्रति वर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा तनहुँमा ११५.५ लिटर उपलब्धता रहेको जानकारी दिए । त्यस्तै १४ केजी मासु आवश्यक पर्नेमा १४.२ केजी केजी मासु उपलब्धता छ । ४८ गोटा अण्डा आवश्यक पर्नेमा ८१ गोटा अण्डा उपलब्धता रहेको ठकुरीले बताए । यो हिसाबले प्रति व्यक्तिका लागि दूधमा २४.५४ लिटर, मासुमा ०.२ केजी र अण्डामा ३३ गोटा बढी उत्पादन भइरहेको उनले बताए ।

माछामा भने ७ केजी आवश्यक पर्नेमा ०.२७ केजीमात्रै उपलब्धता छ । माछामा अझै ६.७ केजी अपुग रहेको ठकुरीले बताए । उनका अनुसार जिल्लामा ७८ हजार तीन सय नौ परिवार सफ्या रहेकामा ४९ हजार छ सय ४० परिवार पशुपालनमा निर्भर रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ७६ हजार एक सय २१ मेट्रिक टन दूध उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा ७४ हजार सात सय ५१ मेट्रिक टन दूध उत्पादन भएको थियो । यो वर्ष एक हजार तीन सय ६९ मेट्रिक टन बढी दूध उत्पादन भएको छ । दूध उत्पादक कृषकलाई उत्पादनमा प्रोत्साहन दिने नीतिले कृषक पशुपालनतर्फ आकर्षित भएको ठकुरीको भनाइ छ ।

आर्थिक वर्ष २०८२/८३ मा चार हजार सात सय ८१ दशमलव ३ मेट्रिक टन मासु उत्पान भएको छ । आर्थिक वर्ष २०८१/८२ मा चार हजार नौ सय ९८ दशमलव १९ मेट्रिक टन मासु उत्पादन भएको थियो । मासुमा राँगा, भैंसी, खसीबोका र सुंगुर बंगुरको उतदन घटेको छ भने कुखुराको उत्पादन बढेको ठकुरीले बताए ।

आर्थिक वर्ष २०८२/८३ मा एक सय ६४ मेट्रिक टन माछा उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा एक सय १३ मेट्रिक टन माछा उत्पादन भएको थियो । जिल्लामा गाई, हाँस, खरायो पालनको सफ्या बढेको छ । आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार सात सय ४२ गाईपालन गरिएकामा आर्थिक वर्ष २०८२/८३ मा गाईको सफ्या ४९ हजार नौ सय १२ पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा भैसी ५३ हजार तीन सय ८३ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा ५१ हजार दुई सय ३५, आर्थिक वर्ष २०८१/८२ मा बाखा तीन लाख ८८ हजार एक सय ७६ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा तीन लाख ७४ हजार सात सय ६५ रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा कुखुरा नौ लाख ९८ हजार नौ सय ३६ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा नौ लाख ९७ हजार सात सय ६५ पुगेको कार्यालयले जनाएको छ ।

# वीरगञ्ज भन्सारले गर्‍यो भदौमा साढे २३ अर्ब राजस्व संकलन

■ प्रभाव संवाददाता

**रौतहट–** देशकै प्रमुख आर्थिक नगरी वीरगञ्जस्थित भन्सार कार्यालयले चालू आर्थिक वर्षको दोस्रो महिनामा लक्ष्यको करिब शतप्रतिशत राजस्व संकलन गर्न सफल भएको छ । कार्यालयले भदौ महिनामा मात्रै २३ अर्ब ४६ करोड १५ लाख रूपैयाँ राजस्व संकलन गरेको हो ।

भदौ ३१ गतेसम्मको तथ्यांकअनुसार कार्यालयले पाएको मासिक राजस्व लक्ष्यको ९९.७५ प्रतिशत रकम संकलन भएको छ । भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार भदौ मसान्तसम्मको संकलनले चालू आर्थिक वर्षको वार्षिक राजस्व लक्ष्यको १४.५२ प्रतिशत हिस्सा पूरा भएको छ । वीरगञ्ज नाकाबाट आयात हुने वस्तुमध्ये बिस्कुट, दलहन, तथा लत्ताकपडा, औद्योगिक कच्चा पदार्थ र खाद्यान्नले राजस्वमा ठूलो योगदान गर्दै आएका छन् ।

चालु आर्थिक वर्षको सुरुवाती दुई महिनाको राजस्व असुलीलाई हेर्दा वीरगञ्ज भन्सारले आफ्नो लक्ष्य क्रमशः पछ्याउँदै लगेको देखिन्छ । आयात-निर्यात कारोबारमा आएको गतिविधिसँगै भन्सार राजस्व संकलनमा समेत सुधार देखिएको कार्यालयको तथ्यांकले देखाएको छ ।

भन्सार कार्यालयका अनुसार भदौ ३१ गते वीरगञ्ज भन्सार नाकाबाट पैठारी भई जाँचपास भएका प्रमुख २० वस्तुबाट मात्रै ४१ करोड ८३ लाख रूपैयाँ राजस्व उठेको थियो ।

भन्सार कार्यालयले आयात हुने वस्तुको परिमाण, मूल्य र राजस्व योगदानका आधारमा राजस्व संकलनको अवस्थालाई निरन्तर विश्लेषण गर्दै आएको जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ